

gage

# लैङ्गिता तथा किशोरावस्था : विश्वव्यापी अनुसन्धान कार्यक्रम (GAGE)को बारेमा

## गेज सक्षिप्तमा

Gender and Adolescence: Global Evidence (GAGE: गेज) अर्थात् (लैङ्गिकता तथा किशोरावस्थाः विश्वव्यापी तथ्य कार्यक्रम) नौवर्षीय (२०१५–२०२४) मिश्रित विधियुक्त अनुसन्धान कार्यक्रम हो । गेज वेलायत सरकारको सहयोग नियोग युके एड को आर्थिक सहयोगबाट सन्चालित छ । यसले १० देखि १९ वर्षसम्मका किशोरकिशोरीहरुको लैङ्गिक अनुभवबारे खोज गर्दैछ । यो कार्यक्रम अन्तर्गत हामीले अफ्रिकाका ईथियोपिया र रुवाण्डा, एसियाका बंगलादेश र नेपाल तथा मध्य पूर्वका जोर्डन र लेबनान गरी ६ देशका २०,००० किशोरकिशोरीहरुको जीवनलाई अध्ययन गरिरहेका छौं ।

यस कार्यक्रमले किशोरकिशोरीको जीवन रुपान्तरण गरी उनीहरुलाई गरिबी तथा बहिष्करणबाट निकास दिन तथा द्रुत सामाजिक परिवर्तनका लागि 'के ले काम गर्छ' वा कस्ता प्रयासहरु प्रभावकारी हुन्छन् भन्ने बारे नयाँ तथ्य सिर्जना गर्ने उद्देश्य राख्दछ । हाम्रो अनुसन्धानले जोखिमयुक्त तथा अति कमजोर किशोरावस्थाका व्यक्तिहरु जस्तैः किशोर किशोरीहरु , शरणार्थीहरु, अपाङ्गता भएका किशोराकिशोरीहरु, विद्यालय बाहिर रहेकाहरु, विवाहित किशोरीहरु तथा किशोरी आमाहरुलाई पनि समावेश गर्दछ ।

नातिजाहरुले नीति तथा कार्यक्रम बढी प्रभावकारि रुपमा किशोरकीशोरीहरुमा पुग्न र उनीहरुको जीवनस्थरलाई सुधार गर्न को लागि सहयोग गर्ने छ भन्ने हाम्रो उद्देश्य छ । त्यस्तैगरी दिगोविकास (एसडिजि) SDG को कसैलाई पनि पछाडि नछोड्ने, लक्ष्य प्राप्तिका लागि किशोरकिशोरीका लागि के आवश्यक छ भन्ने कुरा को पहिचान गर्न यस अध्ययनले सहयोग गर्छ ।

ओभरसिज डेभलपमेन्ट इन्स्टिच्युट द्वारा व्यवस्थापन गरिएको गेज कार्यक्रम विश्वव्यापी रुपमा ३५ ओटा अनुसन्धान नीति र कार्यक्रम साझेदारहरु वेलायत सरकारको सहयोग नियोग युके एड द्वारा अनुदानित छ ।


## हाम्रो अबधारणात्मक ढाँचा

गेज को अबधारणात्मक खाकाले किशोरकिशोरीको जीवनलाई समग्रताको दृष्टिकोणबाट हेर्छ। किशोरावस्तामा रहेको बेलामा र भबिस्यमा उनीहरु वयस्क हुदाखेरि किशोरकिशोरीहरुको विकास र सशक्तिकरणमा के ले सहयोग गर्छ भन्ने कुराहरुको  हामी अध्ययन गर्छौ

लिंग विभेदी मूल्यमान्यता र अभ्यासहरु अरु प्रकारका सामाजिक विभेदसंग मिलेर कसरि किशोरकिशोरी विकासका कार्यहरुलाई असर पार्छन् र किशोरकिशोरीले समाजमा भएका लैङ्गिक मूल्यमान्यतालाई कसरि अनुभव गर्छन् भन्ने बुझ्नलाई हामी गेज मा विशेष ध्यान दिन्छौ-

- सक्षमताहरु : व्यक्तिगत र सामुहिक क्षमताहरु जसले किशोरकिशोर ीहरुको सम्बृद्धिका लागि सहयोग गर्छ र चुनौतीहरु छुट्कारा पाउन ६ ओटा प्रमुख क्षमता समूहहरु ( शिक्षा र सिकाई, शारीरिक संर क्षण (शारीरिक तथा लैङ्गिक हिंसा र बाल विवाह बाट स्वतन्त्रता) शारीरिक तथा प्रजनन् स्वास्थ्य र पोषण, मनोसामाजिक स्वास्थ्य, आवाज तथा  निकाय र आर्थिक सशक्तिकरण ।
- परिवर्तनका रणनीतिहरु : रुपान्तरणका लागि कस्ता व्यक्तिगत, पारि वारिक, समुदायिक , सेवा सुविधा प्रणालीका तहहरु मा एकैसाथ कार्यक्रमहरु आबश्यक छ ।
- परिवेशहरु : स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय माहोलहरुले किशोर किशोरीहरुको विकासका पथहरु लाई कसरि निर्धारण गर्दछ ।

## गेज को अबधारणात्मक खाका



## हाम्रो अध्ययन प्रश्नहरु

हाम्रो अवधारणात्मक ढाँचा को आधारमा गेज अध्ययनले तिन सेट अध्ययन प्रश्नहरुलाई सम्बोधन गर्दछ

१. निम्न तथा मध्य आय भएका देशहरुका भिन्न समुदायका किशोरकिशोरीहरुले बल्याबस्थाबाट वयस्क अवस्थामा प्रवेशगर्दा कस्तो अनुभव गरेका छन् ?

- कसरी उमेर, लिङ्ग, अपाङ्गता र भौगोलिक स्थानका आधारमा किशोरकिशोरीहरुको अनुभवहरु भिन्न हुन्छ?
- लैङ्गिकताका आधारमा कसरि किशोरकिशोरीहरुले आफ्नो बस्तुस्थितिको र वरिपरिको संसारको अनुभव गर्छन् ? किशोरकिशोरीहरुले लैङ्गिक मूल्यमान्यता र लैङ्गिकताको आधारमा हुने भूमिकाहरुको अपेक्षासंग कसरि सम्झौता गर्छन् ?
- यस्ता अनुभवहरु निर्धारण गर्नमा अभिभाबक, परिवार, समुदाय, सेवासुबिधा प्रधान गर्ने व्यक्ति र मिडियाहरुले कस्तो भूमिका खेल्छन् ?
- आफ्ना दैनिक जीवनको क्रममा अन्तरक्रिया गर्ने बिद्यालयहरु, स्वास्थ्य केन्द्र, न्यायलय इत्यादि सेवासुविधा र प्रणालीहरुको बारेमा किशोरकिशोरीहरु के सो च्छन् ?
- सस्थाहरु, नीति तथा कानुनी खाकाहरुले किशोरकिशोरीहरुको अनुभवहरु निर्धारण गर्न कस्ता भूमिका खेल्छन् ?

२. किशोरकिशोरी केन्द्रित कार्यक्रमहरुको कस्ता प्रभावहरु छन् ?

- छोटो तथा दिर्घकालिन रुपमा कार्यक्रमको किशोरकिशोर ीहरुको क्षमताहरुमा कस्तो प्रभाव परेको छ ?
- परिवार, साथीहरु, र सामाजको मनोवृत्ति र मूल्यमान्यताहरु र व्यवहारहरुमा कार्यक्रमको कस्तो प्रभाव छ ?
- किशोरकिशोरी कार्यक्रमले कसरी अन्य पूरक सेवासुबिधाहरु (उदाहरण, स्वास्थ्य, शिक्षा, न्याय, बाल संरक्षण र सामाजिक संरक्षण) प्रणालीहरु संग सम्बन्ध राख्छन् ?

३. कस्ता ढाँचा र लागु गर्ने विशेषताहरु भएको कार्यक्रमहरु बढि प्रभावकारी हुन्छन् ?

- कार्यक्रमहरु बिचको संयोजन र कार्यक्रमहरुको क्रमिकताले कति हदसम्म किशोरकोशोरीहरुको क्षमताहरुको निर्धारण गर्दछ ?
- किशोरावस्थाका कुन चरणहरुमा कार्यक्रमको लागु हुन्छ भन्ने सवालले कति हद सम्म महत्व राख्छ ?
- लागु गरिएको कार्यक्रमहरुको तीव्रता र अबधि कतिको महत्त्वपूर्ण छ ?
- कार्यक्रमको श्रोतहरुको जस्तै पूर्वाधार, मानवीय श्रोत साधन र बजेट कतिको महत्त्वपूर्ण छ ?
- के कार्यक्रमको निर्माणले र ढाँचाले क्षमतालाई प्रभाव पार्छ ?

## नेपालमा गेज

गेजले नेपलमा दुईवटा किशोरकिशोरी सम्बन्धी कार्यक्रमको अध्ययन गर्न सेन्टर फर रिसर्च अन एनभारोमेन्ट, हेल्थ एण्ड पपुलेशन (कृपा) र नेपाल इन्स्टिच्युट फर सोसिअल एन्ड एन्भारोमेन्टल रिसर्च (नाइसर) संग सहकार्य गर्दै छ। यी दुई कार्यक्रम रुम टु रिडको किशोरी शिक्षा कार्यक्रम ( गर्ल्स एडुकेसन प्रोग्राम) र वर्ल्ड भिजनको रुपान्तरण कार्यक्रम हुन। यस बाहेक गेजले वयस्क मनोरन्जन क्षेत्र (एडल्ट इन्टरटेनमेन्ट सेक्टर) मा काम गर्ने किशोरकिशोरीहरु माझमा उनीहरुलाई यो क्षेत्रमा आउनलाई के ले प्रभाबित पारी रहेको हुन्छ र यस क्षेत्रमा उनीहरुको के कस्तो अनुभव छ भन्ने अर्को अध्ययन गर्दै छ।यसरी गेजको अनुसन्धानले पढ्न बाट बन्चित भएका, विवाहित र यौन कर्मी किशोरी जस्ता जोखिममा परेका किशोरकिशोरीहरु संग अध्ययन गर्दै छ। गेजले नेपालको ७७ जिल्ला मध्ये ६ जिल्लामा माथि भनिएका अध्ययनहरु गरिरहेको छ। यी जिल्लाहरु मध्ये हामी नुवाकोट र तनहुमा किशोरी शिक्षा कार्यक्रम हेर्दै छौ भने मोरङ मा वर्ल्ड भिजनको रुपान्तरण कार्यक्रम र काठमाडौं, झापा र सुनसरीमा वयस्क मनोरन्जन क्षेत्रमा काम गर्ने किशोरकिशोरी सम्बन्धी अध्ययन गर्दै छौ। कृपा र नाइसर दुवै संस्था विगत लामो समय देखि सरकार संग सहकार्य गर्दै आएका छन् र किशोरकिशोरीको चौतर्फी विकास सम्बन्धी नीति र कार्यक्रम गर्ने संस्था संग नजिक भएर काम गर्छन्।

## हाम्रो अध्ययन बिधि

### नेपालमा गेज


विश्वव्यापी: २०,०००

नेपाल १ ,०००



८००

८०



### संख्यात्मक अध्ययन

- १०-१२ र १५-१७ बर्षका किशोरकिशोरीहरुसंग सर्वेक्षण
- उनीहरुको हेरचाह गर्ने महिला तथा पुरुष सदश्यहरुसंग सर्वेक्षण
- समुदायका अगुवा तथा विद्यालयसंग सम्बन्धित व्यक्तिहरु संग सर्वेक्षण

### गुणात्मक अध्ययन

- किशोरकिशोरीहरु उनीहरुका दाजुभाइ तथा दिदीबहिनीहरु, उनीहरुलाई हेरचाह गर्ने व्यक्तिहरु तथा समुदायका अगुवाहरु संग व्यक्तिगत अन्तर्वार्ताहरु
- प्रमुख जानकारहरुसंग अन्तर्वार्ताहरु र ऐतिहासिक प्रक्रियाहरु लाई रेखांकन गर्ने
- कार्यक्रमहरु लागु गर्दा नीतिको राजनीति बुझ्न नीति तथा कानुनी विश्लेषण

Further information can be found via:

GAGE website
www.gage.odi.org

Twitter
@GAGE_programme

Facebook
www.facebook.com/GenderandAdolescence/

Email
gage@odi.org.uk

ukaid from the British people

Cover photo: © DFID/Jessica Lea

ISBN: 978-1-912942-88-6